स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आइतबार काठमाडौंका एक कार्यक्रमका बीच सार्वजनिक गीतमा निश्चल बस्नेत र अस्मिता अधिकारीको स्वर रहेको छ भने हर्क साउदको शब्द, कोसिस क्षेत्री र केतन क्षेत्रीको संगीत, पुष्कर खत्रीको एरेञ्ज तथा केतन क्षेत्रीको रेकर्ड प्रोडक्सन छ। सुनिल क्षेत्रीको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु दयाहाङ राई, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महतसहित स्वयं गायक निश्चल बस्नेत नृत्य गर्दै देखिएका छन् ।

आजको विचार...



बीपीको....
(दुई पेजमा)

दुण्डीराज शास्त्री



गत वर्ष प्रदर्शनमा आएको फिल्म "दान्भी"का निर्देशक रुपेश तामाङसँग अभिनेत्री पूजा शर्माले एकपटक फेरि सहकार्य गर्ने भएकी छन्। गत बुधबार जन्मदिन मनाएकी उनले सोही अवसरमा निर्देशक तामाङको नयाँ फिल्म सम्झौता गरेकी हुन्। नाम तय हुन बाँकी रहेको फिल्ममा उनी एक्सन भूमिकामा देखिनेछिन्। "दान्भी"मा पनि उनको एक्सन भूमिका थियो। पूजासँग लिखित सम्झौतापछि निर्देशक तामाङले भने, "मेरो कथाले पूजालाई नै खोजेका कारण उहाँलाई साइन गराएका हौं।

❐ वर्ष ३० ❐ अंक २७९ ❐ २०८२ वैशाख २२ गते सोमबार 5 May 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# कालीगण्डकी करिडोरले फेर्दै हर्मिचौरवासीको जीवनस्तर

हुमाकान्त पोखरेल

**तम्घास (गुल्मी), वैशाख २१/** "पहिले रिडी पुग्न हिँडेर सात घण्टा लाग्थ्यो, अहिले गाडीमा आधा घण्टामै पुगिन्छ", कालीगण्डकी गाउँपालिका-१ हर्मिचौरका रामप्रसाद पाण्डेले भने, "करिडोरले हाम्रो दैनिकी बदलिदिएको छ ।"

कालीगण्डकी करिडोर नबन्दै हर्मिचौरलगायतका भेगका नागरिक सदरमुकाम तम्घास जान पाल्पाको सडक प्रयोग गर्नुपर्नेमा अहिले भने सिधा रिडीको बाटो प्रयोग गर्न सकिने पाण्डेले बताए । हर्मिचौरमा सिलाइ-कटाइ पसल सञ्चालन गरिरहेका वीरबहादुर दर्जीलाई पनि सामान ल्याउन करिडोर निर्माणपछि सहज भएको छ । पहिले बागलुङबाट सामान ल्याउनुपर्दा समस्या रहेकामा अहिले करिडोर निर्माणपछि बुटवल आवतजावत गर्न सहज भएको उनले सुनाए । "सामान ल्याउन र बिक्री गर्न बाटोका कारण केही समस्या थियो, करिडोर निर्माण भएपछि सहज कम मूल्यमै सामान ल्याउन सकिएको छ", उनले भने ।



उनले आफू र आफूजस्तै व्यवसायीलाई करिडोर निर्माणले सहज बनाएको बताए । कोरला नाका हुँदै चीनको मानसरोवर जोड्ने करिडोरको गुल्मीमा ३९ किलोमिटर भाग पर्दछ । गुल्मीका रुरुक्षेत्र, सत्यवती र कालीगण्डकी गाउँपालिकाका नागरिक करिडोरबाट लाभान्वित छन् । करिडोर निर्माणपछि सदरमुकाम तम्घाससम्मको आवतजावत, विद्यालय तथा स्वास्थ्य संस्थासम्मको पहुँच सहज भएको छ । त्यसैगरी बुटवल, पोखरा र काठमाडौँसम्मको दूरी पनि छोट्टिएको छ ।

करिडोर नहुँदा यहाँबाट काठमाडौँ जान बागलुङ वा रिडी गएपछि मात्र बस चढ्नु पर्दथ्यो भने अहिले घरबाटै रात्रिकालीन सेवाको बस चढ्न पाइने भएको सत्यवतीकी मिना क्षेत्रीले बताइन् । रिडीबाट पूर्तिघाट सम्मको व्यापार गुल्मी सदरमुकामभन्दा बुटवल र बागलुङसँग बढी नजिक छ । त्यसमा सडकले थप सहजता मिलेको छ । करिडोर (गुल्मी खण्ड) निर्माण सम्पन्न भएपछि सडक क्षेत्रमा सयौँको संख्यामा व्यापारिक फार्म खुलेका छन् । होटल तथा रेस्टुराँ कृषि फार्म, कपडा पसल, गल्ला तथा किराना पसल, कस्मेटिकलगायत खुल्न थालेको कालीगण्डकी गाउँपालिका पूर्तिघाटका लीलबहादुर केसीले बताए । "करिडोर निर्माणले पर्यटक प्रवर्द्धनमा समेत सहयोग मिलेको छ", उनले भने । व्यावसायिक फार्म स्थापना हुँदा एकातर्फ गाउँमै रोजगारी सिर्जना भएको छ भने अर्कातर्फ स्थानीय उत्पादनको बजारीकरण भएको छ ।

फार्म पालिकामा दर्ता हुँदा स्थानीय सरकारको राजस्वमा समेत वृद्धि भएको त्यस क्षेत्रका पूर्वसांसद एवं लुम्बिनी प्रदेशका पूर्वमन्त्री सुदर्शन बरालले बताए । "करिडोरले यातायात मात्र होइन, यस क्षेत्रको भविष्य नै बलियो बनाएको छ, करिडोर निर्माण नभएको भए यो विकट रहन्थ्यो", उनले भने । नवलपरासीको गैँडाकोटबाट चीनको उत्तरी भाग कोरलासम्म फैलिएको कालीगण्डकी करिडोर २५४ किलोमिटरको छ । जसमा नवलपुरमा ७८, पाल्पा र बागलुङमा ३६ किलोमिटर सडकखण्ड पर्छ । हालसम्म १९७.३ किलोमिटर सडक कालोपत्र भएको छ । करिडोरले नवलपुरका तीन, पाल्पाका पाँच, गुल्मीका तीन तथा बागलुङमा एक पालिका छोएको छ । करिडोरमा बनाउनुपर्ने ५९ पुलमध्ये ३५ वटा निर्माण सम्पन्न भएका छन् । सात वटा निर्माणाधीन छन् भने १७ पुलको ठेक्का हुन बाँकी रहेको कालीगण्डकी करिडोर कार्यालयका इन्जिनियर अरुण खत्रीले जानकारी दिए । *-रासस*

## सक्षिप्त समाचार

### खुल्यो दाउन्ने सडकखण्ड



**नवलपरासी, वैशाख २१/** महेन्द्र राजमार्गअन्तर्गत दाउन्ने सडक १६ घण्टापछि एकतर्फी सञ्चालनमा आएको छ । अवरुद्ध सडक आइतबार बिहान २ बजेदेखि एकतर्फी सञ्चालनमा आएको हो ।

आइतबार दिउँसो घाम लागेका कारण हिलाम्मे राजमार्गमा ग्राभेल राखेर राजमार्ग एकातर्फी सञ्चालनमा ल्याइएको जिल्ला ट्राफिक कार्यालयलय जनाएको छ । आइतबार बिहान २ बजेबाट दाउन्ने र आसपासको क्षेत्रमा वर्षा भएपछि यातायात अवरुद्ध भएको थियो । महेन्द्र राजमार्ग हुँदै पूर्व-पश्चिम हिँडेका गाडीलाई कालीगण्डकी कोरिडरको बाटो प्रयोग गर्न प्रहरीले अनुरोध गरेको थियो । महेन्द्र राजमार्गको नारायणगढबाट बुटवलतर्फ सडक चिप्लो भएका कारण अझै सकस छ । महेन्द्र राजमार्गको दुम्कीबास-बर्दघाटबीचको १४ किलोमिटर सडक दाउन्ने पहाडमा पर्छ ।

## सामाजिक सुरक्षा कोषमा सहभागी बनौं

**सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजना अन्तर्गत:**

- औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना,
- मातृत्व सुरक्षा योजना
- दुर्घटना सुरक्षा योजना,
- अशक्तता सुरक्षा योजना,
- आश्रित परिवार सुरक्षा योजना,
- बृद्धावस्था सुरक्षा योजना,
- वेरोजगार सहायता योजनामा सहभागी भई लाभान्वित हौऔं।

**सामाजिक सुरक्षा कोषमा आवद्धता, आफ्नो र परिवारको भविष्य सुनिश्चितता ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## तानसेनका महिलालाई क्रिस्टलको गहना र धुप बनाउने तालिम



**पाल्पा, वैशाख २१/** जिल्लाको तानसेन नगरपालिका - ३ भगवतीटोलमा महिलाहरुका लागि क्रिस्टलको गहना र धुप बनाउने तालिम दिइएको छ । पुरानो पानी टंकी टोलविकास संस्थाको आयोजना र वडा कार्यालयको सहयोगमा यहाँका महिलाहरुका लागि तीन दिने तालिम दिइएको हो ।

महिलाहरूलाई सीप सिकाइमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ क्रिष्टलको चुरा, माला, लकेट र बाटेको धुप बनाउने तालिम दिइएको टोलविकास संस्थाकी सदस्य जमुना पाण्डेले बताइन् । उनका अनुसार महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो । तालिममा सहभागीहरुले महिलाले लगाउने विभिन्न थरिका चुरा, पोते, कानमा लगाउने टप, औँठी जस्ता क्रिष्टलजन्य गहना बनाउन सिकेका छन् । भगवतीटोलस्थित पद्म पब्लिक नमूना माविमा वैशाख १८ गतेदेखि सञ्चालन भएको तालिमको एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । तालिमको तानसेन नगरपालिका -३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले समापन गरेका हुन् । उनले तालिमको समापन गर्दै तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्दै आत्मनिर्भर बन्न सहभागीहरुलाई आग्रह गरे । अध्यक्ष शाक्यले सीप सिक्नु र त्यसको उपयोग गर्नु ठूलो कुरा रहेको बताउँदै महिलाहरूको सशक्तीकरणका लागि वडाको सधैव साथ रहने बताए । उनले वडाका महिलाहरुलाई व्यवसायिक रुपमा लाग्न अभिप्रेरित गरी आर्थिक रुपमा सक्षम बनाउने गरी वडाले कार्यक्रम ल्याएको उल्लेख गरे । तानसेन नगरपालिकाका सामाजिक शाखा प्रमुख भरत आचार्यले तालिमले महिलाहरुलाई आर्थिक रुपमा सक्षम बनाउने महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## प्रभावकारी कार्यान्वयनको अपेक्षा

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्मा आर्थिक वर्ष २०८२/८३ का लागि सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । नीति तथा कार्यक्रम पेस गरिएपछि यसमाथि छलफल पूरा गर्ने र जेठ १५ मा सरकारले संसद्मा बजेट प्रस्तुत गर्दै छ । नीति तथा कार्यक्रमले नेपालको आर्थिक, सामाजिक, प्रशासनिक र संस्थागत संरचनामा पुनर्संरचना गर्ने उद्देश्यसहितको १५५ बुँदाको ५६ पृष्ठ लामो नीति तथा कार्यक्रमले विगतका घोषणाहरूलाई दोहोऱ्याउने मात्र नभई केही प्राथमिकताहरूमा कार्यान्वयनमुखी दृढता पनि प्रकट गरेको देखिन्छ । नीति तथा कार्यक्रममा सरकारको प्राथमिक लक्ष्य अर्थतन्त्रलाई पुनर्जीवित गर्दै लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, सार्वजनिक प्रशासन सुधार, वित्तीय अनुशासन र सामाजिक सुरक्षाको विस्तार रहेको छ । त्यस्तै लामो समयदेखि उठ्दै आएको अनावश्यक सरकारी संरचना खारेजी, मन्त्रालय संख्यामा संकुचन र दोहोरोपन अन्त्य गर्ने सन्देश यसपटक पुनः दोहोरिएको छ ।

नीति तथा कार्यक्रममा विद्यालय शिक्षा ऐन यही अधिवेशनबाट पारित हुने, विद्युतको अभाव हुन नदिन तथा आयात प्रतिस्थापन गर्न जलाशययुक्त आयोजना कार्यान्वयन, जेनजी पुस्तालाई प्राथमिकता दिएर स्टार्टअप प्रवर्द्धन लगायतका महत्वपूर्ण विषय समेटिएका छन् । त्यस्तै, यो पटकको नीति तथा कार्यक्रममा प्रधानमन्त्री र राष्ट्रपतिका नाममा राखिएका सबै परियोजनाको नाम फेरिएको छ । रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धनमा ध्यान केन्द्रित गर्दै युवा पुस्तालाई स्टार्टअप इकोसिस्टममा संलग्न गराउने, व्यावसायिक योजना अनिवार्य बनाइने र 'पढ्दै कमाउँदै' कार्यक्रममार्फत इन्टर्नसिपलाई प्रोत्साहन गरिने नीति उल्लेखनीय छ । स्वास्थ्य बिमा कार्यक्रमलाई एकीकृत र दिगो बनाउने नीति सकारात्मक छ ।

त्यस्तै शिक्षा क्षेत्रमा सरकारको प्राथमिकता विद्यालय शिक्षा सुधारमा केन्द्रित देखिन्छ । विद्यालय शिक्षा विधेयक चालू अधिवेशनबाटै पारित गर्ने घोषणा, ग्रेडिङ प्रणालीसँग जोडेर प्राविधिक शिक्षा समावेश गर्ने र उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउने योजनाले दीर्घकालीन परिणाम दिने उद्देश्य देखिन्छ । सरकारी सेवामा इन्टर्न समावेश गरेर युवा क्षमतालाई प्रयोग गर्ने योजना पनि स्वागतयोग्य छ । समग्रमा नीति तथा कार्यक्रमले विगतका अनुभव र सुझावहरूसँग सम्बन्ध स्थापित गर्दै केही नयाँ दृष्टिकोण र कार्यान्वयनको स्पष्टता दिने प्रयास गरे पनि कार्यान्वयन हुने पक्ष महत्वपूर्ण हो । तसर्थ सरकारले ल्याएको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गर्न सकिन्छ ।

### Opinion @ Social Network

विज्ञान भन्छ : जिब्रोमा लागेको चोट सबैभन्दा छिटो निको हुन्छ
ज्ञान भन्छ : जिब्रोले दिएको चोट कहिले पनि निको हुँदैन !
*(सुमन बि.क.को फेसबुक स्टाटस https://www.facebook.com/bk.Suman)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बीपीको चिन्तन आज पनि प्रेरणादायी



**ढुण्डीराज शास्त्री**

> *मानव सृष्टिमा सर्वोत्कृष्ट सृष्टिका रुपमा स्थापित भएको छ । यसमा अलग राय छैन । यसको वास्तविकता आध्यात्मिक दर्शनमा बताएजस्तो हो या नास्तिक दर्शनमा बताए जस्तो हो । सत्य तथ्य वैज्ञानिक र प्रत्यक्ष प्रमाण कतै र कुनै पनि छैन । आ-आफ्नो विश्वासमा आधारित छ । अर्को कुरा-प्रकृतिद्वारा सम्पूर्ण रुपमा व्यवस्थित यो मानवरूपी प्राणी समाजविना उत्पत्ति जन्म जीवन-जीवन विकास नहुने-मृत्युपछि मात्र समाजबाट मुक्त हुने भएकाले मानवलाई सामाजिक प्राणी भनिएको छ र यसको समूहलाई समाज ।*

आवश्यकता, चेतना र प्राण-वायु अथवा आत्माद्वारा सञ्चालित प्रकृत्य निर्मित मानवरूपी भौतिक यन्त्र मानव हो । यो यन्त्रको आवश्यकता उपभोग्य, उपयोगी वस्तुरूपी इन्धनबाट हुन्छ र यसको ब्रेक र लाइट चेतना हो । आँखाले हेरेर, कानले शब्दद्वारा सुनेर, नाकले गन्धद्वारा, जिब्रोले तीतो, पीरो, अमिलो र गुलियो रसद्वारा, छालाले तातो-चिसो स्पर्शद्वारा पत्ता लगाउँछ । अनि यो यन्त्र सञ्चालन गर्ने ड्राइभर हो-प्राणवायु, जसलाई आध्यात्मिक दर्शन गीता आदिमा भनिएको छ । आत्मा यसको स्थितिको बारेमा यसरी वर्णन गरिएको छ ।

*न जायते मिचते वा कुदा चित*
*नायम् भुत्वा भाविता ना नभूय ।।*
*अजो नीत्य: शश्वतोडयम् पुराणे*
*नहन्यते हन्यमाने शरीरे ।।*

तथा

*वासाँसी जीर्णानि यथा विहाय*
*नवानि गृहातिं नरो पराणि ।।*
*तथा शरीरणि विहाय जीर्ण*
*न न्यानि संयाति नवानि देही ।।*

मानव सृष्टिमा सर्वोत्कृष्ट सृष्टिका रूपमा स्थापित भएको छ । यसमा अलग राय छैन । यसको वास्तविकता आध्यात्मिक दर्शनमा बताएजस्तो हो या नास्तिक दर्शनमा बताए जस्तो हो । सत्य तथ्य वैज्ञानिक र प्रत्यक्ष प्रमाण कतै र कुनै पनि छैन । आ-आफ्नो विश्वासमा आधारित छ । अर्को कुरा-प्रकृतिद्वारा सम्पूर्ण रूपमा व्यवस्थित यो मानवरूपी प्राणी समाजविना उत्पत्ति जन्म जीवन-जीवन विकास नहुने-मृत्युपछि मात्र समाजबाट मुक्त हुने भएकाले मानवलाई सामाजिक प्राणी भनिएको छ र यसको समूहलाई समाज ।

'सम्बन्धरूपी सूत्र-जाल समाज' भन्ने समाजशास्त्रीहरूको मत छ । आधार नभइकन आधेय सम्भव छैन । सूत्र (धागो) नभइकन जाली बन्दैन । सूत्र (धागो) के हो ? आवश्यकता र चेतनाका तन्तु (धागो) समाज निर्माणका आधार हुन् । आधार आवश्यकता र चेतनाका तन्तु हुन् भने आधेय समाज हो । आवश्यकता, चेतना जन्म, जीवन, जीवन विकास र सामाजिक सम्बन्धमा आधार हुन् । यिनको अभावमा प्राणवायु पनि रहँदैन, मानव शरीर जड हुन्छ र सामाजिक सूत्रजालबाट पनि ऊ छुट्दछ । सम्पूर्ण मानव अर्थात् समाजको गति र स्थिति यही हो-समान छ । अर्को हुनै सक्दैन । मानव विज्ञान पूर्णरूपमा एकताको छ । विज्ञान भिन्न हुन सक्दैन, समान हुन्छ र मानव विज्ञान पनि समान छ । एउटा फ्याक्ट्रीबाट एउटै मोडलमा निस्केको गाडी भिन्न नभए झैं मानव पनि भिन्न छैन, समान छ ।

समता मानव समाजको विज्ञान हो । पृथिवीको कुनै कुनामा किन नजन्मोस् किन नबढोस्, आकार प्रकार अंग-प्रत्यंग काम-कर्म आदि सबै समान छ । जन्म-मृत्यु सबैमा छ । समता सामाजिक विज्ञान हो । समाज समताको वैज्ञानिक सिद्ध सूत्रमा नै आधारित छ भने समाजमा यति ठूलो भिन्नता किन ? यो भिन्नता समाज विज्ञानद्वारा विभाजित भिन्नता होइन । यो सब भिन्नता मानव विज्ञान होइन, मनोवाद विचारमा आधारित भिन्नता हो । मानवकृत कृत्रिम अवैज्ञानिक आधारमा आधारित विकसित भिन्नता हुन्छ । धनी, गरिब, जात, विजात, धर्मी, विधर्मी, हिन्दु, इस्लाम, कृश्चियन वाद र वादी, गान्धी, मार्क्स, पुँजी आदि वाद र वादी, ब्राफमण, क्षत्रीय, वैश्य, शुद्र जात-जाति इत्यादि कुनै प्राकृतिक र वैज्ञानिक होइनन्, विज्ञानमा आधारित छैनन् । व्यक्तिको मनोवाद, विचार, दर्शनका उपज हुन् । सही मनोवाद, विचार, दर्शनलाई मनोविज्ञान मानिएको छ । यो विज्ञान होइन, विज्ञान भए सबैमा एकता हुनु नै भिन्नता छ ।

समाजमा विद्यमान जातीय, वर्गीय, धार्मिक आदि सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा रहेका विषमताहरूको अन्तले एकताका साथै समानले स्वतन्त्रता पनि समाजमा आउँछ । समता, एकता, स्वतन्त्रताको संगठित समाजमा शक्ति र सम्पत्तिको विकास हुन्छ । अनि अभाव र दबाबमुक्त समाजको सिर्जना हुन्छ । अभाव, दबाबमुक्त, एकता, समता र स्वतन्त्रता भएको समाज नै समाजवादी समाज हो । अभाव, दबाबमुक्त, एकता, समता र स्वतन्त्रताको विचार नै समाजवादी विचार हो । २००७ सालको सशस्त्र क्रान्तिद्वारा सामन्ती, जनविरोधी राणाशासनको अन्त र आधुनिक युगमा नेपालको प्रवेशपछि दूरदर्शी चिन्तक बीपी कोइरालाले सुवर्णजी, गणेशमानजी र अन्य साथीहरूसँग छलफल, विचारविमर्श गरी नेपाललाई समाजवादी सिद्धान्त, उद्देश्यको बाटोबाट अगाडि बढाउने निर्णय गर्नुभएको थियो । २०१२ सालको नेपाली कांग्रेसको वीरगञ्ज अधिवेशनमा सुवर्णजीद्वारा यो प्रस्ताव राखिएको थियो र छलफलपछि सर्वसम्मतिले पारित भएको थियो । २०१५ सालको आमनिर्वाचनमा दुईतिहाइ बहुमत नेपाली कांग्रेसको आयो । बीपी कोइरालाको नेतृत्वमा सरकार निर्माण भयो । यो सरकारले जातीय, वर्गीय, धार्मिक आदि र आर्थिक, राजनीतिक, सामाजिक क्षेत्रमा विकसित भेदभाव, भिन्नता अन्त गरी समता, एकता, स्वतन्त्रताको शक्ति, सम्पत्तिको विकास, सन्तुलित समताको वितरणले अभाव, दबाबमुक्त समाजवादी समाजउन्मुख अगाडि देश र समाजलाई बढाउने क्रान्तिकारी नीति, कार्यक्रम अगाडि सारेको थियो । केही कार्यान्वयन पनि भइसकेका थिए । प्रधानमन्त्री बीपी कोइरालाले नेपाल र नेपालीलाई मध्यमखाले अर्थतन्त्रबाट अघि बढाउँछु भनेर घोषणा गर्नुभएको थियो । सिंगापुर, मलेशिया र दक्षिण कोरिया आदि देशहरू स्रोतसाधनका दृष्टिले नेपालभन्दा पछाडि भए तापनि शक्ति र सम्पत्तिको विकासले अहिले कहाँ पुगेका छन् । नेपाल कहाँ छ ? कुन संकटमा छ ? अझै राजनीतिक निहित स्वार्थका कारण कहाँ पुग्ने हो ?

नेपाल र नेपालीको दुर्भाग्य बीपी कोइराला र उहाँको सरकारले काम गर्न पाएन । १८ महिना पुग्दानपुग्दै सामन्ती राजा महेन्द्रले सैन्यशक्ति प्रयोग गरी जननिर्वाचित सरकार र प्रतिनिधिसभा भंग गरी पार्टीहरूमाथि प्रतिबन्ध लगाए । सबलाई जेल हाले । प्रजातन्त्रको स्थापना, प्रजातान्त्रिक समाजवादी बाटोबाट देशलाई अगाडि बढाउने अठोट २०१५ सालको आमनिर्वाचनबाट दुईतिहाइ बहुमतको बीपी कोइरालाको नेतृत्वमा गठित नेपाली कांग्रेसको सरकारले अगाडि सारेका क्रान्तिकारी समाजवादउन्मुख देशलाई विकासमा अघि बढाउने नीति कार्यक्रम यी सबको क्रमबद्ध विकास रोकिएको थियो । जनताका अधिकार खोसिएका थिए । देश पुन: पछि फर्केको थियो । सुवर्ण शमशेरजी कलकत्ता गएको समय परेकाले उहाँ जेल पर्नुभएको थिएन । जेल पर्नबाट बचेका नेता कार्यकर्ता भारतको पटनामा जम्मा भई सम्मेलन गरे । सम्मेलनले प्रजातन्त्र पुनर्स्थापनाको माग राखेर सुवार्णजीको नेतृत्वमा सशस्त्र संघर्ष गर्ने निर्णय गऱ्यो । २०१८ को अन्ततिर नेपाली कांग्रेसले सशस्त्र संघर्ष सुरु गरेको थियो । देशका विभिन्न भागमा स्वतन्त्रताका संग्रामी पुगेका थिए । आन्दोनको सुरुवातमात्र भएको थियो, भारत र चीनबीच युद्ध सुरु भयो । चीनका परराष्ट्र मन्त्रीको वक्तव्य आयो, 'नेपालमाथिको आक्रमण चीनमाथि भएको सम्झिनेछ' । नेपाली कांग्रेसले गम्भिरताका साथ सोचेर यही बाहनामा नेपाललाई पनि चीनले तिब्बत बनाउन सक्छ भन्ने ठानी क्रान्ति स्थगित गऱ्यो । नेपाली कांग्रेसका नेता बीपी कोइरालाले नेपाली कांग्रेसको माध्यमले नेपाललाई समाजवादी बाटोबाट अगाडि बढाई नेपाली समाजको सामाजिक न्यायमा आधारित सम्पन्न र शक्तिशाली नेपाल निर्माण गर्न सुरु गर्नुभएको थियो । राजा महेन्द्रको एकाधिकारवादी तानाशाही पञ्चायती शासनले यो वैज्ञानिक समाज विज्ञानमा आधारित विकासको बाटोबाट अघि बढ्ने क्रमभंग गरेको थियो ।

२०४६ मा गणेशमानजीको नेतृत्वमा भएको संयुक्त जनआन्दोलन प्रजातन्त्रको पुनर्स्थापना गर्न सफल भयो । अनि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित राजा, वाम र कांग्रेस सम्मिलित सरकारले एक वर्षभित्र संविधान निर्माण गऱ्यो र २०४८ मा आमनिर्वाचन गराएको थियो । यो निर्वाचनमा नेपाली कांग्रेसको बहुमत आएकोले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनेको थियो । यो सरकारले वर्षौं पहिले नेपाली कांग्रेसले नै अघि सारेको वैज्ञानिक समाजवादको बाटो विकसित समय-परिस्थिति अनुसार नीति कार्यक्रम निर्माण गरी कार्यान्वयनमा अघि बढ्नुपर्ने थियो, सो भएन । २०६२/०६३ को जनआन्दोलनपछि प्राप्त नेपालको संविधानको भावनाअनुसार कुनै पनि पार्टी चल्न नसकि आज देशमा विभिन्न आन्दोलनहरू भइरहेको छ, जस्तै : शिक्षक आन्दोलन, चिकित्सक आन्दोलन आदि ।

देश र जनतालाई केही फाइदा भएको छैन, हानिमात्र भएको छ । न देशमा पुँजीवादी व्यवस्था आउन सक्यो, न समाजवादी । दलाल पुँजीपति, दलाल पुँजीवादले मुलुक र जनता संकटमा छन् । देशको विकास हुनसकेन । विदशीले बनाइदिएका अर्बौं मूल्यका उद्योगहरू सिन्कीको मूल्यमा बिक्री गरी हजारौं मजदुरी गरेर जीविकोपार्जन गरेका नागरिकहरू रोजीरोटीविहीन भए । फाइदा कमिसन खानेलाई मात्र भयो होला, अरू कसैलाई भएन । वैज्ञानिक मानवीय सिद्धान्तमा आधारित व्यवस्थाको माध्यमबाट देश र जनतालाई शक्ति, सम्पत्ति सम्पन्न बनाउन संघर्षशील पार्टीहरू गलत बाटोमा हिँडिरहेका छन् । अत: राजनीतिक परिवर्तनलाई संस्थागत गर्नका लागि नेपाली जनतामा आर्थिक क्रान्ति आउन अनिवार्य छ । देशभित्रका राजनीतिक शक्तिहरूबीच सकारात्मक सहकार्य भई संस्कृति निर्माण र समाजवादी यात्रा तयको लागि बीपीको विचारले आज पनि प्रेरित गरिरहेको छ । सोबाटो नबिराई अगाडि बढेमात्र लोकतन्त्र जस्ता दिवसको सार्थकता भई राष्ट्रको हित हुनेछ । ***(शास्त्री पूर्वमन्त्री तथा समाजवादी चिन्तक हुन ।)***

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : करियरलाई लिएर चिन्ता रहनेछ। धैर्यले काम लिनुहोस् सफलता मिल्नेछ। | **तुला** :उच्चशिक्षामा सफलता मिल्नेछ। व्यापार व्यवसायमा पिताको सहयोग मिल्नेछ। |
| **वृष** : व्यापारबाट लाभ प्राप्त हुनेछ। मित्रहरूसँगको भेटघाटले मन प्रसन्न रहनेछ। | **वृश्चिक** :अड्केका कार्यहरू सम्पादन हुनेछन्। निजी कार्यलाई पूरा गर्नमा सफलता मिल्नेछ। |
| **मिथुन** : मामिलाहरू आपसी सहमतिमा सुल्झिनेछ। रोकिएको कार्य सम्पादन हुनेछ। | **धनु** :शत्रुहरू हावी हुनेछन्। प्रशासनिक वा राजकीय क्षेत्रबाट सहयोग मिल्नेछ। |
| **कर्कट** :व्यक्तिहरूको कुरालाई बेवास्ता नगर्नुहोला। हत्तारकोनिर्णयबाट हानि हुनसक्छ। | **मकर** : सहकर्मीहरूको साथ मिल्नेछ। काममा सफलताको लागि संघर्ष गर्नुपर्ने हुन्छ। |
| **सिंह** :अध्यात्मतिर झुकाव रहनेछ। आफ्नो व्यक्तित्वलाई निखार्ने समय रहेको छ। | **कुम्भ** :मिठो बोल्ने प्रयास गर्नुहोला। कार्यलाई टाल्नुभन्दा सम्पादन गर्नमा ध्यान दिनुहोस्। |
| **कन्या** : समयको प्रतिक्षा गर्नुहोस्। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। | **मीन** : धन लिनको लागि समय उपयुक्त रहेको छ।नसोधी कसैलाई सल्लाह नदिनुहोला। |

## शिक्षा

# किट विश्वविद्यालयको गम्भीर सुरक्षा कमजोरी




समान प्रकृतिका घटना दोहोरिन थाले भने तिनलाई भवितव्य भनेर पन्छाउन मिल्दैन । यसैले भारतको उडिसा राज्यमा रहेको 'कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट)' विश्वविद्यालयमा पढ्ने नेपाली विद्यार्थीको मृत्युलाई सामान्य 'आत्महत्या' ठानेर नपन्छाई गम्भीर अनुसन्धान र उपयुक्त समाधान खोजिनुपर्ने देखिन्छ ।

किटमा अध्ययनरत नेपाली छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्यु भएको तीन महिना पुग्दा नपुग्दै अर्की सोही विश्वविद्यालयमा पढ्ने अर्की नेपाली छात्रा प्रिसा साह पनि मृत भेटिएकी छिन् । दुवैको मृत्युलाई किटको प्रशासनले आत्महत्याको घटनाका रूपमा प्रस्तुत गरेको छ । नेपाल सरकारले फम्सालको मृत्युमा जस्तै घटनाको निष्पक्ष अनुसन्धानका लागि भारतसँग अनुरोध गरेको छ । नेपालकी परराष्ट्रमन्त्री र दिल्लीस्थित नेपाली राजदूतले व्यक्तिगतरूपमै घटनामा चासो राखेर भारतीय पक्षसँग निष्पक्ष छानबिनको आग्रह गरेका छन् । भारतको राष्ट्रिय मानव अधिकार आयोगलेसमेत घटनामा चासो देखाएको समाचार आएको छ । लम्सालको 'आत्महत्या'मा उडिसा प्रहरीले अनुसन्धान गरेर आत्महत्याको दुरुत्साहनका कारबाहीसमेत चलाएको थियो । त्यसक्रममा किट प्रशासनले पनि नेपाली विद्यार्थीको सुरक्षामा विशेष ध्यान दिने प्रतिबद्धता जनाएको थियो । विडम्बना, किटको प्रतिबद्धता खोक्रो सिद्ध भयो र अर्की नेपाली छोरीको ज्यान गयो । छात्रावासमा रहेका महिला त्यसमा पनि विदेशी विद्यार्थीको भइरहेको 'आत्महत्या' प्रति सम्बन्धित विश्वविद्यालयका साथै नेपाल र भारत सरकार तथा किटमा आफ्ना सन्तानलाई पढ्न पठाउने आमाबाबु समेत गम्भीर हुनुपर्ने देखिन्छ । समान प्रकृतिका घटना दोहोरिएकाले पनि यसलाई गम्भीर रूपमा लिनुपर्छ ।

प्रकृति लम्सालको संदिग्ध मृत्युपछि नेपाली विद्यार्थी र किट प्रशासनबीच तनाव बढेको थियो । विरोध प्रदर्शनमा उत्रेका नेपाली विद्यार्थीहरूलाई प्रशासनले छात्रावासबाट निकालेर खेदेको थियो । विश्वविद्यालय प्रशासनले माफी मागेर सुरक्षाको जिम्मा लिएपछि नेपाली विद्यार्थीहरू होस्टल फर्केका थिए । धन्न यसपटक अहिलेसम्म थप अप्रिय समाचार आएको छैन । आत्महत्या देखिने सबै घटना स्वेच्छिक आत्मघातमात्र हुँदैनन् । आत्महत्याका अधिकांश घटनामा बसैले विवश वा दुरुत्साहित गरेको हुनसक्छ । यस्तै, युवा विद्यार्थीले उचित मनोविमर्शको अभावमा पनि अध्ययन, निजी जीवन र सामाजिक वातावरणबीच सन्तुलन राख्न सक्तैनन् । अर्थात्, आत्महत्या जति नै वैयक्तिक देखिएपछि त्यसमा बाह्य कारक हुन्छ नै । विदेशको शैक्षिक संस्थामा तीन महिनाका बीचमा दुई दुई जना महिला विद्यार्थीको संदिग्ध मृत्यु हुनुले सम्बन्धित संस्था किट प्रशासनको कतै न कतै ठूलै कमजोरी रहेको स्पष्टै अनुमान गर्न सकिन्छ ।

त्यस्तो संस्थामा आफ्ना सन्तान पढाइरहेका अभिभावकलाई पनि यस घटनाले पक्कै चिन्तित बनाएको छ । यसैले भारत सरकारसँग समन्वय गरी घटनाको छानबिन नेपाल सरकारका तर्फबाट पनि गरिनु उचित हुनेछ । भारतले 'स्वतन्त्र र निष्पक्ष' छानबिन गर्ला तर नेपाली पक्ष पनि संलग्न भए त्यसमा विश्वसनीयता थपिनेछ । सम्भव भए नेपाल सरकारले स्वतन्त्र छानबिन गर्नुपर्छ । किटमा पढ्नका लागि अब नेपाली विद्यार्थी जाने कि नजाने भन्ने विषयमा अभिभावकका साथै सरकारले पनि गम्भीर समीक्षा गर्नुपर्ने देखिन्छ । किनभने समान प्रकृतिको घटना दोहोरिनु भवितव्य नभएर नियोजित अपराध पनि हुनसक्छ । जानाजान सन्तानलाई जोखिममा धकेल्ने मूर्खता नगरौँ । यस्तै, नेपाल सरकारले अभिभावक, मनोविमर्शदाता र सुरक्षा विद्हरूको टोली भुवनेश्वर पठाएर स्थितिको समीक्षा गर्नु आवश्यक छ । किटको सुरक्षा प्रबन्धमा चित्त नबुझे विद्यार्थीहरूको शैक्षिक सत्र खेर नजाने गरी नेपाल र भारतकै पनि अरू शैक्षिक संस्थामा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु उचित हुनेछ । आशा गरौँ, यसमा भारतीय पक्षले पनि सहयोग गर्नेछ ।

*-बाह्रखरी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा



## कालिगण्डकी कोरिडोर सडक योजना पाल्पाको सार्वजनिक सूचना

यस योजनाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न स्थानमा सडक सिमा भित्र अनधिकृतरुपमा शाखा सडक खोल्ने, घर टहरा बनाउने, निर्माण सामाग्री राख्ने विज्ञापन, होडिङ्ग बोर्ड, सवारी साधन पार्किङ, टायर हाउस, ग्यारेज, वासिङ सेन्टर, अस्थायी तारवार, पशु-चौपाय छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज विस्कुन सुकाउने जस्ता कार्यहरू कानुनत: पूर्णरुपमा निषेधित गरिएको कार्य भएकोले सोकार्य नगर्नु नगराउनु हुन सम्पूर्णमा अनुरोध छ । अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम जुनसुकै बेला कारवाहीका प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजना प्रमुख
कालिगण्डकी कोरिडोर
(गैडाकोट-राम्दी-मालढुङ्गा)
सडक योजना, पाल्पा


# कक्षा १२ को परीक्षामा ७३ वर्षीया छात्राको सहभागिता



माध्यामिक विद्यालय तहको कक्षा १२ को यसवर्षको वार्षिक परीक्षा आइतबारदेखि सुरु भएको छ । बिहान ८ बजेदेखि ११ बजे सञ्चालन भएको पहिलो दिनको परीक्षा शान्तिपूर्ण रुपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

आगामी जेठ २ गतेसम्म सञ्चालन हुने उक्त परीक्षामा देशभर एक हजार ५९० र जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको बोर्डले जानकारी दिएको छ । सबैभन्दा बढी काठमाडौँमा १६२ र मनाङ-मुस्ताङ जिल्लामा एक-एक केन्द्र निर्धारण गरिएको छ । परीक्षामा पाँच हजार २०२ विद्यालयका नियमिततर्फ एक लाख ९८ हजार ८७५ छात्र र एक लाख ९७ हजार १३ छात्रा गरी तीन लाख ९५ हजार ९०८ परीक्षार्थी सहभागी छन् । त्यसैगरी आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना गरी कूल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीले परीक्षका लागि फर्म भरेको अध्यक्ष शर्माले जानकारी दिए। यस वर्ष सबैभन्दा कम मनाङबाट ४५ परीक्षार्थी सहभागी हुँदैछन् भने सबैभन्दा धेरै काठमाडौँबाट ६८ हजार १३३ परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए। कारागार वा बाल सुधारगृहमा रहेका परीक्षार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ ।

यसैबीच, काठमाडौँ तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुस्थित एन्जल्स हार्ट सेकेन्डरी स्कुलको परीक्षा केन्द्रबाट ७३ वर्षीय सूर्यवती खनालले परीक्षा दिएकी छन् । उनी तारकेश्वर-११ स्थित ग्रामीण आदर्श बहुमुखी क्याम्पसका विद्यार्थी हुन् । प्रवेशपत्रमा उनको जन्म विसं २००९ साउन ९ गते उल्लेख छ । चार छोराछोरीका आमा तथा तीन जना नातिनातिनाका हजुरआमा खनालले छोराछोरी हुर्किएका र पढ्न रहर भएपछि विद्यालय भर्ना भई नियमित पढाइ अगाडि बढाएकी हुन् । उनले एसइई परीक्षा भने गोगङ्बुस्थित चेतना महिला माध्यामिक विद्यालयबाट उर्तीण गरेकी थिइन्। उनका श्रीमान विद्यालयका शिक्षक हुन् ।

*-डिसीनेपाल डटकम*

# थोमसले नेपाली विद्यार्थीलाई छात्रवृत्ति दिने



थोमस मोर युनिभर्सिटी (टिएमयु) को प्रतिनिधिमण्डलले नेपालमा विशेष सत्र आयोजना गरेको छ ।

नेपाली विद्यार्थीका लागि शिक्षा अवसरबारेमा जानकारी दिन र युनिभर्सिटीसँगको साझेदारीलाई थप मजबुत बनाउने उद्देश्यका साथ आयोजित कार्यक्रमले विभिन्न एजेन्सीका प्रतिनिधि र विश्वविद्यालयका प्रतिनिधिलाई नेटवर्किङको अवसर प्रदान गरेको थियो । सत्रको मुख्य अंशमा डा. जस्टिन भोगलले थोमस मोर युनिभर्सिटीको उद्देश्य, स्थान र प्रमुख कार्यक्रमबारेमा जानकारी गराउँदै युनिभर्सिटीको विशेषता र नेपाली विद्यार्थीका लागि ब्याचलर प्रोग्राममा ५० प्रतिशतसम्मको छात्रवृत्तिसमेत उपलब्ध गराउने जानकारी दिए । उक्त युनिभर्सिटीकी ग्लोबल रिक्रुटमेन्ट डाइरेक्टर स्टेसी मारी लभले नेपालका विद्यार्थीका लागि उपलब्ध समर्थन सेवाहरू र करियर आउटकम्सबारेमा जानकारी गराउँदै नेपाली विद्यार्थीहरूको सफलताका कथा पनि सुनाउएको थिए । आवेदन प्रक्रिया र आवश्यकताबारेमा ग्लोबल युनिभर्सिटी सर्चका निर्देशक ज्याक्सन सुवेदीले प्रस्तुति दिएका थिए । ग्लोबल युनिभर्सिटी सर्च नेपालमा थोमस मोर युनिभर्सिटीको विशेष एडि्मसन पार्टनर हो, जुन स्मार्ट एड्भेन्चर्ससँगको सहकार्यमा सम्भव भएको हो ।

स्मार्ट एड्भेन्चर्सले विश्वभर थोमस मोर युनिभर्सिटीको विद्यार्थी एडि्मसन गर्ने गर्छ । ज्याक्सन सुवेदीका अनुसार थोमस मोर विश्वविद्यालय केन्टकी युएसएमा प्रोफेसनल एमबिए-एसटिइएम र मास्टर इन पब्लिक हेल्थ कार्यक्रमका लागि प्रसिद्ध छ । साथै विश्वविद्यालयले बिबिए-एसटिइएम कार्यक्रम पनि प्रदान गर्छ, जुन नेपालको अन्तर्राष्ट्रिय विद्यार्थीका लागि लाभदायक छ, जसमा हेल्थ केयर, फाइनान्स, डाटा एनालिटिक्स र मेनेजमेन्टजस्ता विकल्प उपलब्ध छन् । सत्रको अन्तिममा साझेदारीका फाइदा र युनिभर्सिटीको साझेदारलाई कस्तो समर्थन प्रदान गरिन्छ भन्ने विषयमा स्मार्ट एड्भेन्चर्सका प्रेसिडेन्ट पवन श्रीवास्तवले छलफल गरेका थिए ।

*-इहिमालय टाइम्स डटकम*


**Lumbini Province Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**
**Social Development Division Office, Palpa**

## INVITATION FOR SEALED QUOTATION

**First Date of Publication: 2082/01/22 B.S.(5th May, 2025)**

Social Development Division Office, Tansen, Palpa invites E-bids for the construction/supply of following work/goods under sealed quotation Procedures. All other information and Bid document can be downloaded from PPMO's Website **www.bolpatra.gov.np/egp** or can be received from Office located at Tansen Palpa. All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents.


| S. No. | Contract ID: | Work Description | Estimate Amounts (Ex. VAT & Contengency) | Bid Security Amount NRs. | Bid Document Amounts NRs. |
|---|---|---|---|---|---|
| 1 | SDDOP-SQ-WORKS-081/82-116 | Construction of Parapet at Sunrise Yuba Club Naram Chhatrakot RM-3,Gulmi | 12,81,916.79 | 37500 | 1000 |
| 2 | SDDOP-SQ-WORKS-081/82-117 | Construction of Bagnaskali Covered Hall Bagnaskali RM-3 , Palpa | 8,54,279.55 | 25000 | 1000 |
| 3 | SDDOP-SQ-GOODS-081/82-05 | Operation of Kunsare Park and Senior Citizen Recreation Centre Tansen Municipality-7, Palpa | 4,25,737.58 | 12500 | 1000 |

Office Chief

# गाई मारेको आरोपमा एक जना पक्राउ

**कपिलवस्तु, वैशाख २१/** कपिलवस्तुमा गाई मारेको आरोपमा एक जना पक्राउ परेका छन् । प्रहरीले शिवराज नगरपालिका २, हरहवा बस्ने ५२ वर्षका फरहान खानलाई पक्राउ गरेको हो ।

जिल्लाको महाराजगंज नगरपालिका -६ सानो बुटहनिया स्थित उखु बारीमा २ वटा नीलगाई मारेको आरोपमा ६ राउन्ड गोली सहित उनी पक्राउ परेका छन् । आइतबार मध्यरातमा स्थानीयले गोली पडकेको आवाज सुने लगत्तै प्रहरीलाई खबर गरेका थिए । सोही आधारमा प्रहरीको टोलीले खाँनलाई गोली सहित पक्राउ गरेको हो ।



सिकार खेल्न १०/१२ जना गए पनि प्रहरी देखेपछि नीलगाई मार्न प्रयोग गरिएको बन्दुकसहित अन्य फरार भएका थिए । पक्राउ परेका खानलाई गौतमबुद्ध डिभिजन वन कार्यालय, चन्द्रौटामा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सकारले निलगाईलाई संरक्षित वन्यजन्तुको सुचीमा राखेको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एसईईको उत्तरपुस्तिका परीक्षण सुरु




**पाल्पा, वैशाख २१/** माध्यामिक शिक्षा परीक्षा एसईईको उत्तरपुस्तिका परीक्षण सुरु भएको छ । परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०)का अनुसार शनिबारदेखि परीक्षणको काम सुरु भएको हो ।

उत्तरपुस्तिका परीक्षण देशभरका ५० वटा केन्द्रमा प्रारम्भ भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । उत्तरपुस्तिका परीक्षणका लागि दैनिक ३० हजार शिक्षक परिचालन भइरहेका छन् ।

बोर्डले असार पहिलो साता नजिता सार्वजनिक गर्ने तालिका थियो । तर शिक्षकहरूको आन्दोलनका कारण परीक्षणको काम ढिला गरी सुरु भएको हो । २० चैतदेखि २९ दिन शिक्षकहरूको आन्दोलनका कारण परीक्षण हुन सकेको थिएन ।

विद्यालयका शिक्षक र कर्मचारीको आन्दोलनका कारण उत्तरपुस्तिका परीक्षण विगतमा भन्दा झन्डै एक महिना ढिला आरम्भ भएको हो । उत्तरपुस्तिका सम्बन्धित विषयका विज्ञ शिक्षकले परीक्षण गर्दै आएका छन् । उनीहरूलाई जिल्ला शिक्षा समन्वय एकाइले परिचालन गर्दै आएको छ । उत्तरपुस्तिका परीक्षण १५ दिनभित्र गरिसक्ने लक्ष्य कार्यालयको छ । एसईई परीक्षा गत ७ चैतदेखि सञ्चालन भएको थियो । परीक्षामा नियमिततर्फ ४ लाख ३१ हजार ४६६ र ग्रेडवृद्धितर्फ ६७ हजार ७१५ गरी जम्मा ४ लाख ९९ हजार १८३ विद्यार्थीहरू समावेश थिए । वैशाख १७ गते नेपाल शिक्षक महासंघ र सरकारबीच सहमति भएपछि आन्दोलनका कार्यक्रम फिर्ता भएपछि आन्दोलनबाट फर्किएका शिक्षकहरू एसईईको उत्तरपुस्तिका परीक्षणमा सहभागी हुन थालेका हुन् । नेपाल शिक्षक महासंघले पनि सरकारसँग भएको सहमतिपछि देशभरका शिक्षकहरूलाई विद्यार्थी भर्ना, अध्यापन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षणजस्ता विद्यालय शिक्षासँग सम्बन्धित सबै काममा यथावत् संलग्न हुनु अनुरोध गरिसकेको छ । विगतमा वैशाख दोस्रो साताभित्र एसईईको उत्तरपुस्तिका परीक्षण कार्य प्रायः सम्पन्न भइसक्थ्यो । भर्ना अभियानसहितका गतिविधिका कारण वैशाख दोस्रो सातापछि नै विद्यालयमा नियमित रूपमा पठनपाठन हुँदै आएको छ । यसपटक भने विद्यालयमा पठनपाठन सुरु भइसकेकाले उत्तरपुस्तिका परीक्षणका लागि समय व्यवस्थापनमा निकै कठिन भइरहेको सम्बद्ध शिक्षकहरू बताउँछन् ।

परीक्षामा न्यूनतम ३५ अंकभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुनेछन् । बोर्डले परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । अघिल्लो वर्ष अर्थात् २०८० सालमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए । बोर्डले गत वर्षबाट न्यूनतम ३५ प्रतिशतभन्दा कम प्राप्तांक ल्याउने विद्यार्थीहरू अनुत्तीर्ण हुने व्यवस्था लागू गरेको थियो । लेटर ग्रेडिङ भनिने उक्त प्रणाली लागू भएपछि त्यसअघिका वर्षहरूमा जस्तो परीक्षा दिएका सबैले प्रमाणपत्र पाउने प्रचलन अन्त्य भएको थियो ।

## खेलकुद समाचार

# बार्सिलोनाको पुनरागमन जित



**काठमाडौं, वैशाख २१/** राफिन्हा र फर्मिन लोपेजेले दोस्रो हाफमा गोल गरेपछि स्पेनिस ला लिगामा बार्सिलोनाले पुनरागमन जित हासिल गरेको छ । शनिबार राति भएको खेलमा बार्सिलोनाले रियल भाल्लाडोलिडलाई उसैको मैदानमा २-१ गोलअन्तरले हराएको हो ।

युरोपियन च्याम्पियन्स लिग सेमिफाइनल पहिलो लेगमा इन्टरसँग ३-३ को बराबरी खेलेको टिममा हान्सी फ्लिकले ९ खेलाडी परिवर्तन गर्दै भाल्लाडोलिड विरुद्ध मैदान उतारेका थिए । १-० ले पछि परेको अवस्थाबाट पुनरागमन गर्दै बार्सिलोनालाई जित दिलाउन वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका राफिन्हा र पहिलो रोजाईंमै खेलेका फर्मिनो लोपेजले १-१ गोल गरे । घरेलु टोलीका लागि इभान सान्चेजले गोल गरे । जितपछि लिग लिडर बार्सिलोनाले दोस्रो स्थानको रियल मड्रिडमाथि ७ अंकको अग्रता बनाउँदै उपाधि होड बलियो बनाएको छ । खेलको छैटौं मिनेटमै इभानले गोल गर्दै भाल्लाडोलिडलाई अग्रता दिलाएका थिए । पहिलो हाफमा पछि परेको बार्सिलोनाले दोस्रो हाफमा २ गोल फर्कायो । राफिन्हाले ५४ औं मिनेटमा बार्सिलोनाका लागि बराबरी गोल गरे । त्यसको ६ मिनेटपछि नै फर्मिन लोपेजले गोल गर्दै बार्सिलोनालाई २-१ को अग्रता दिलाए । त्यही अग्रता कायम राख्दै बार्सिलोनाले ३ अंक जोडेको हो । जितपछि शीर्षस्थानको बार्सिलोनाको ३४ खेलमा ७९ अंक भएको छ । बार्सिलोनाभन्दा एक खेल कम खेलेको रियल मड्रिडको ३३ खेलमा ७२ अंक छ । २०औं स्थानमा रहेको भालाडोलिडको ३४ खेलमा १६ अंक छ ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५-५२०६०१**

मनको आवाज........

"नाम पनि युनिक, काम पनि युनिक"

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक सोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक घट्यो



**पाल्पा, वैशाख २१/** साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ । समग्र नेप्से शून्य दशमलव १३ प्रतिशतले घटेर २ हजार ६ सय २० दशमलव ३९ विन्दुमा ओर्लिएको हो ।

सेन्सेटिभ इण्डेक्स ० दशमलव ५१ अंकले घटेर ४ सय ४१ दशमलव ४९ विन्दुमा पुगेको छ । यसदिन ३ सय २२ स्क्रिप्सको २ करोड १९ लाख ५ हजार ३ सय ११ कित्ता सेयर ९ अर्ब २४ करोड ५५ लाख ८३ हजार ३ सय १५ रुपैयाँमा खरिदबिक्री भए । तीन कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुँदा दुई कम्पनीको सेयर ९ प्रतिशत बढीले वृद्धि भयो । नेपाल माइक्रो इन्स्योरेन्स,क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स र ओम मेघाश्री फर्मास्युटिकल्सको सेयर १० प्रतिशतले बढ्यो । अपर सोलु हाइड्रो इलेक्ट्रिक र सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्थाको सेयर ९ प्रतिशत बढीले वृद्धि भयो । विन नेपाल लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले भने सर्वाधिक गुमाए ।

सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । ६० करोड बढीको सेयर कारोबार गरी सानिमा माइ हाइड्रोपावर शीर्षस्थानमा रह्यो । यसैगरी नगदी ग्रुपको ५५ करोडको सेयर कारोबार हुँदा राधी विद्युतले ५१ करोड, एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टको ५० करोड र अपी पावरको ३९ करोड बढीको सेयर कारोबार गरे । कारोबारमा आएकामध्येरु १ सय १७ स्टक्सको मूल्य बढ्दा १ सय २८ वटाको घट्यो । ५ समूहको उपसूचक बढ्दा ८ वटाको उपसूचक नकारात्मक देखिएका छन् ।

# तानसेनका महिलालाई...

...उनले व्यवसायिक रुपमा क्रिष्टलका गहना बनाउने काममा लाग्न सके मात्र तालिम लिएको सार्थक रहने भन्दै त्यसतर्फ लाग्नपर्नेमा जोड दिए । अहिलेको आवश्यकता भनेको सीप भएकाले सीप सिकेर स्वरोजगार बन्ने दिशामा लाग्न प्रमुख आचार्यले सहभागी सबैलाई आग्रह गरे । वडा सदस्य लक्ष्मी पाण्डेले वडाले आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने बताइन् । कार्यक्रममा पद्म पब्लिक नमूना माविका व्यवस्थापन समितिका अध्यक्ष पुस्करराज रेग्मी, विद्यालयका प्रअ विष्णु बराल, प्रशिक्षकहरु तुलसी गैरे घिमिरे, पञ्च शाक्य लगायतले सीप भएका व्यक्तिहरु त्यसै बस्न नपर्ने भन्दै सिकेका कुराहरुको उपयोग गरी स्वरोजगार बन्न महिलाहरुलाई आग्रह गरे ।

तालिम लिएपछि महिलाहरुले उत्साहित हुँदै तालिममा सिकेका ज्ञान, सीपलाई व्यवहारमा उतार्ने बताएका छन् । सहभागी शारदा नेपाल, अनु दमै, विद्यालक्ष्मी शाक्य लगायतले आयआर्जनका लागि तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनीहरुले तालिममा सिकेका कुराहरुलाई व्यवसायिक ढंगले अगाडि बढाउने समेत प्रतिवद्धता व्यक्त गरेका छन् । तालिममा सहभागीहरुलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो ।

तालिममा वडा भित्रका २२ वटा टोल विकास संस्थाका महिलाहरु सहभागिता रहेका थिए । तालिममा तुलसी गैरे घिमिरेले क्रिष्टको माला, चुरा बनाउन र पञ्च शाक्यले बाटेको धुप बनाउन सिकाएका थिए । टोल विकास संस्थाकी अध्यक्ष रेनुका बस्यालको अध्यक्षता, उपाध्यक्ष रामप्रसाद तिमिल्सीनाको स्वागत, सचिव हरीशंकर बस्याल र कोषाध्यक्ष अप्सरा बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई